# भाग ४

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४३।३।२६ को निर्णयानुसार नेपाल इञ्जिनियरिङ सेवा, सिभिल समूह, ट्रान्स्पोर्टेशन उपसमूह रा.प.तृ. श्रेणी (प्रा.) पदसंकेत नं. पा।हा।वि।०७।५ का अ.इ. श्री तीर्थबहादुर जोशी र पदसंकेत नं. पा।हा।वि।०७।१५९ का अ.इ. श्री सुरेन्द्रगोविन्द जोशीले दिनुभएको राजीनामा क्रमशः मिति २०४२।६।१५ र २०४३।११।३० देखि लागू हुने गरी स्वीकृत गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारको मिति २०४४।३।२० को निर्णयानुसार आवास भवन तथा भौतिक परियोजना विभागका नेपाल इञ्जिनियरिङ सेवा, सिभिल समूह, बिल्डिङ एण्ड आर्किटेक्ट उपसमूहको रा.प.तृ. श्रेणी पदसंकेत नं. नि।या।आ।भौ।वि।०७।४३ का अ. इ. श्री उत्तमकृष्ण श्रेष्ठले दिनुभएको राजीनामा मिति २०३५।३।६ देखि लागू हुने गरी स्वीकृत गरिएको छ ।

### सूचना ३

श्री ५ को सरकारको मिति २०४४।७।८ को निर्णयानुसार नेपाल इञ्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूहको रा.प.तृ. श्रेणी (प्रा.) पद संकेत नं. आ।मं।०७।१ आपूर्ति मन्त्रालयका अ.इ. श्री अर्जुनभक्त पौडेललाई सोही सेवा, समूह, उपसमूह र श्रेणीको पदसंकेत नं.पं।स्था।मं।०७।७८ पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको अ.इ. पदमा सरुवा गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।